नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००५११
४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.४/२०७६/७७ मितिः- २०७६/१२/०७
चलानी नं.:- ३९७

विषयः- स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै) ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्रा.स./४२१/५४९९, मिति २०७६/११/२३ को COVID-19 संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धी पत्र प्राप्त भएकै छ । विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को रोकथाम र नियन्त्रणमा व्यक्तिगत, सामुहिक र संस्थागत सजगता आवश्यक देखिएकोले यसको लागि नेपाल सरकारबाट ठुला जमघट हुने कार्यक्रम नराख्ने, वैदेशिक भ्रमणमा सजगता अपनाउने लगायतका विषयमा सबै सरकारी निकाय, तीनै तहका सरकारलाई जानकारी गराई सकिएको छ । यसै सन्दर्भमा, स्थानीय तहबाट विभिन्न मित्रराष्ट्र, अन्तराष्ट्रिय संघ संस्थाहरुको निमन्त्रणामा हुने वैदेशिक भ्रमण लगायतका कार्यक्रममा सहभागिता जनाउन जोखिमपूर्ण देखिएकोले सबै स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुलाई COVID-19 नियन्त्रणमा नआउँदासम्म विदेश भ्रमणका कार्यक्रम अगाडि नबढाउन नेपाल सरकार (मन्त्रीस्तर) मिति २०७६/१२/०५ को निर्णयानुसार अनुरोध छ।

२०७६।१२।०७

(चिरन्जीवी नेपाल)
शाखा अधिकृत

**वोधार्थ :**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।